# माडी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, वसन्तपुर, चितवन

३ नं. प्रदेश, नेपाल

## स्थानीय राजपत्र


माडी नगरपालिकाद्वारा प्रकाशित

खण्ड (२), साल २०७५ चैत्र महिना ८ गते, संख्या १२


भाग-२

# स्वरोजगार घुम्ती कोष संचालन कार्यविधि, २०७५

# स्वरोजगार घुम्ती कोष संचालन कार्यविधि, २०७५

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को खण्ड च(२)ले दिएको अधिकार प्रयोग गरि नगरपालिकाबाट विनियोजित लक्षित वर्ग तथा विपन्न एवम् रोजगारहरुलाई आय आर्जन मार्फत स्वरोजगार सिर्जनाकालागी घुम्ती कोष संचालन गर्न बीउ पूँजिको रुपमा दिईने अनुदान तथा सहयोगको संरक्षण, ब्यवस्थापन र परिचालन गर्न यो **स्वरोजगार घुम्ती कोष संचालन कार्यविधि, २०७५** बनाईएको छ ।

## परिच्छेद-१

प्रारम्भीक १.१

**सम्क्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिको नाम " माडी नगरपालिका स्वरोजगार कोष संचालन कार्यविधि, २०७५ " रहेको छ ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाबाट निर्णय भएको मिति देखि लागु हुनेछ ।

**परिभाषा**

२.१ विषय प्रसंगले अर्को अर्थ नलागेमा,

क) "कोष" भन्नाले कार्यविधी बमोजिमको कोष सम्झनु पर्दछ ।

ख) "समिति" भन्नाले घुम्ती कोषको निर्देशक समिति सम्झनु पर्दछ।

ग) "मूल्याङ्कन समिति" भन्नाले समुहबाट प्राप्त प्रस्तावहरु मूल्याङ्कन गर्न गठित समिति भन्ने सम्झनु पर्दछ ।

घ) "वेरोजगार" भन्नाले कुनैपनि आयआर्जन गर्ने काममा संलग्न नभएको व्यक्ति सम्झनु पर्दछ ।

ङ) “परियोजना प्रस्ताव” भन्नाले स्वरोजगार कोषबाट लिने कर्जा र आफ्नो रकम समेत लगानीगरी कुनै व्यवसाय सञ्चालन गर्न तयार गरिएको परियोजना प्रस्तावसम्झनु पर्दछ ।

च) “परिवार” भन्नाले अंश लिई छुट्टी भिन्न नभएका साथै संगोलमा वस्ने वा एक परिवारका सदस्यहरुलाई सम्झनु पर्दछ ।

छ) “तोकिए बमोजिम” भन्नाले कोष संचालन कार्यविधिले तोके बमोजिम भन्ने सम्झनु पर्दछ ।

ज) “समुह” भन्नाले कम्तीमा ५ जना र बढीमा १५ जना लक्षीत वर्गका व्यक्तीहरु संलग्न माडी नगर महिला समिती द्धारा गठित समुहलाई जनाउने छ ।

झ) “लक्षीत वर्ग” भन्नाले एकल महिला, दलित, अपाङता भएका, द्वन्द पिडित, भुमिहिन र विभिन्न असाध्य रोगवाट प्रभावित परिवारको व्यक्तिलाई जनाउने छ ।

ञ) असाध्य रोग भन्नाले एच आई भि, क्यान्सर, मृगौला तथा मुटु रोग संग सम्वन्धीत आधिकारीक निकायवाट प्रमाणित भएका रोगहरु सम्झनु पर्दछ ।

## परिच्छेद-३

३.१ कुनै पनि समुहले स्वरोजगार कोषको रकम माग गर्दा देहायका कागजात तथा विवरण पेश गर्नुपर्नेछ :-

क) समुहले कार्यक्रममा सहभागि हुने अनुसुची १ वमोजिमको निवेदन।

ख) समुहको निर्णयको प्रतिलिपि ।

ग) स्वरोजगार हुन चाहने व्यक्तिको अनुसुची २ वमोजिमको वर्तमान अवस्था संकलन फारम तथा अनुसुची ३ वमोजिमको योजना ।

घ) समुहका सदस्यहरुले यस कोषको रकम नियमपूर्वक लक्षित

वर्गहरुमा परिचालन गरी  कोष नियमित गर्नेछौ भनी गरेको निर्णयको प्रतिलिपि ।

## परिच्छेद- ४

४.१ नगरपालिका संग सम्झौताको लागि अपनाईने प्रक्रिया

क) लक्षित वर्गका व्यक्तिहरुले समुहमा दरखास्त दिनु पर्ने छ ।

ख) बुदा नं.४.१ (क) बमोजिम समुहले कोष प्राप्त गर्नका लागी मुल्यांकन समितिमा समक्ष दरखास्त पेश गर्नुपर्ने छ ।

ग) समुहले पेश गरेका प्रस्तावहरु छानविन गरि मुल्यांकन समितीले गरेको निर्णयका आधारमा रकम उपलब्ध गराउदा निर्देशक समिती र संचालक समितीका विचमा अनुसुची ४ वमोजिमको सम्झौता गर्ने ।

४.२ कोष परिचालन सम्बन्धि व्यवस्था

क) स्वरोजगार कोष व्यवसायिहरुको परियोजनाको सम्भाव्यता, उत( पादन, बजारीकरण, समुहको परिपक्वताको आधारमा मुल्यांकन समितीले गरेको निर्णय बमोजिम रकम समुहलाई अनुदान उपलब्ध गराईनेछ ।

ख) अनुदान परिचालन गर्दा एकल महिला, दलित, अपाङता भएका, द्वन्द पिडित र भुमिहिन व्यक्तिहरुलाई स्तरिकरण गरि प्राथामिकताका आधारमा लगानी गरिने छ ।

ग) कोषलाई ठिक ढंगले लक्षितवर्गमा परिचालन गरेको नदेखिएमा नगरपालिकाले कुनैपनि बेला उक्त रकम फिर्ता गर्न लगाउने छ ।

# परिच्छेद -५

समुहहरु र सदस्यले गर्नुपर्ने कार्यहरु

५.१ समुहहरुबाट गर्नुपर्ने कार्यहरु देहाय अनुसार हुनेछन् ।

क. अनुदान लिई व्यवसाय गर्न चाहने व्यक्तिले पेश गरेको विवरणको अध्ययन र विश्लेषण गर्ने ।

ख. परियोजनाको प्रकृति र परियोजना निरीक्षण गरि सोको आधारमा लगानी गर्ने ।

ग. अनुदान प्रदान गरेपछि र असुली गरी पुनःपरिचालन गरेपछि सोको जानकारी नगरपालिकामा पठाउने ।

घ. समुह सदस्यहरुलाई उत्पदनमुलक कार्यमा उत्प्रेरित गराउने प्रकृतीका तालिमहरु संचालन गर्ने ।

ङ. व्यवसाय गर्ने सदस्यलाई दश वर्ष सम्मका लागि यो नियम लागु हुनेछ ।

च. स्वरोजगार कोष परिचालन गर्ने सदस्यले वार्षिक रुपले आर्जन गरेको रकमबाट कम्तीमा ५ प्रतिशत वरावरको रकम समुहमा जम्मा गर्नु पर्ने छ ।

६. विचैमा व्यवसाय छाड्ने,गलत ढंगले रकमको परिचालन गर्ने व्यवसयीले आफुले लिएको रकम समुहमा नै तत्काल फिर्ता गर्नु पर्नेछ ।

७. भवितव्य वा प्राकृतिक प्रकोप वा कावु बाहिरको परिस्थीती परि व्यवसाय धरासायी भएको अवस्थामा समुहले नै उचित व्यवस्था गरि व्यवसायीलाई संवोधन गर्नुपर्ने छ ।

# परिच्छेद ६

## ६.१ निर्देशक समिति सम्बन्धि व्यवस्था

स्वरोजगार कोषलाई प्रभावकारीरुपमा संचालन गर्नका लागी देहाय बमोजिमको निर्देशक समिति गठन गरिनेछ ।

१. नगर उपप्रमुख -संयोजक
२. प्रमुख प्रशासकीय अधिकृत- सदस्य
३. महिला,आदिवासी,जनजाती र दलित समन्वय समितीको संयोजक - सदस्य
४. सम्वन्धीत वडाको वडा अध्यक्ष - सदस्य
५. प्रमुख प्रशासकिय अधिकृतले तोकेको सम्बन्धित शाखा हेर्ने १ जना कर्मचारी सदस्य सचिव

## ६.२ निर्देशक समितिको काम कर्तव्य र अधिकार

क) स्वरोजगार कोषबाट लिनका लागी समुहहरुले पेश गरेका प्रस्तावहरुमाथि छानविन गरि कार्यपालिकामा सिफारिस गर्ने ।

ख) समुहहरुको परिपक्वता, पेश भएका व्यवसायिहरुको प्रकृति, सम्भाव्यता, बजारीकरण र प्रतिफलको आधारमा लगानी गर्न सकिने कर्जा रकम एकिन गर्ने ।

ग) स्वरोजगार कोषबाट लगानी गरिएको रकमको सदुपयोगिता, प्रतिफल र त्यसले पारेको प्रभाव मुल्यांकन गर्ने ।

घ) लगानी गरिएको कर्जा वास्तविक प्रयोजनमा खर्च भए नभएको एकिन गरि वास्तविक व्यवसायमा लगानी गरेको नपाईएमा कर्जा फिर्ता गर्ने ।

ङ) स्वरोजगार कोषको प्रभावकारी कार्यान्वयनका लागी आवश्यक निर्देशनहरु दिने ।

च) कुनै व्यवसायीले समुह मार्फत लगेको अनुदान दुरुपयोग गरेको पाईएमा आवश्यक परे नगरपालिकाबाट उपलब्ध गराईने सेवाहरु समेत रोक्का गरी असुलीका लागी सहयोग गर्ने ।

छ) आवश्यकता अनुसार अनुगमन मुल्यांकन गर्ने ।

६.३ संचालक समितिको बैठक

संचालक समितिको बैठक कम्तीमा १ महिनामा १ पटक बस्नेछ,तर आवश्यक परेको खण्डमा अन्य समयमा पनि बस्न सक्नेछ ।

## परिच्छेद ७

## समुहको लेखा व्यवस्थापन

७.१ खाता संचालन

७.२ अनुसुची-५ अनुसारको समुहीक खाता र अनुसुची ६ अनुसारको व्यक्तीगत खातामा समुहको आय व्यय व्यबस्थापन गरिने छ ।

## परिच्छद -८

## मुल्यांकन सम्बन्धि व्यवस्था

८.१.यस कार्यविधीम वमोजिम पर्न आएका निवेदनहरु छानविन गरि निर्णयार्थ पेश गर्ने प्रयोजनका लागि देहाय बमोजिमको एक मुल्यांकन समिति रहने छ ।

८.२.**मुल्यांकन समितिको गठन देहाय बमोजिम हुने छ ।**

१. बिषय क्षेत्र हेर्ने समितीको संयोजक-अध्यक्ष

२.प्रमुख प्रशासकिय अधिकृत-सदस्य

३.संवन्धीत वडाको वडा अध्यक्ष-सदस्य

४.सम्वन्धीत शाखा प्रमुख -सदस्य

५.सामाजिक विकास शाखा हेर्ने कर्मचारी -सदस्य सचिव

## ८.३ मुल्यांकन समितिको काम कर्तव्य र अधिकार

क) समुहहरुको अनुगमन गर्ने ।

ख) अनुगमनको समयमा कुनै अनियमितता भएको पाइएमा त्यसको निराकरणका लागि कारवाही गर्ने ।

ग) अनियमितता भएको वा समयमा ऋण असुली नगरेको वा घुम्तीकोषका रुपमा परिचालन नगरेको पाईएमा निर्देशक समितीको निर्णयबाट कुनैपनि समयमा कर्जा फिर्ता लिन सक्नेछ ।

घ) संचालक समितीको कार्य क्षेत्र बाहिर वा अन्य कारणले अ( नयमितता भएको विषयमा कारवाहीका लागि नगरपालिकामा सिफारिस गर्ने ।

ङ) अनुगमन गर्दा नगरपालिका पदाधिकारी र वडा समितीका सदस्यहरुलाई आमन्त्रीत गर्न सक्ने छ ।

## परिच्छेद ९

माडी नगरपालिका क्षेत्र भित्र यस अगाडी गरिवी निवारण कोष,स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम तथा अन्य संघ संस्थाहरु वाट गठन भई क्रियासिल रहेका मिल्दो उद्धेश्य भएका समुहहरु यसै कार्यविधी बमोजिम संचालन हुनेछन ।

## परिच्छेद १०

### बचाउ

यस कार्यविधि कार्यान्वय गर्ने क्रममा कुनै द्धिविधा उत्पन्न भएमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

# अनुसूची २

# घरपरिवार जीविकोपार्जन सुधार योजनाको लागि वर्तमान अवस्था संकलन (आधारभूत सर्भेक्षण) फाराम

समुहको नाम : .................................................................

जीविकोपार्जन सुधार योजनामा नेतृत्व गर्ने परिवारको सदस्यको नामः

ठेगाना : जिल्ला ............... नपाः .............. वार्ड नं.: ...........

टोल : ................

घर नं.......................... मोवाइल नं ..................

## १) मानवीय अवस्था

### १.१ पारिवारीक विवरण

| क्र. सं. | परिवारका सदस्यको नामावली (घरमुली संगको नाता) | उमेर | लिंग | साक्षरताको स्तर | साक्षरताको अवस्था | पेशा | सीप (तालीम) | विशेष अवस्था | प्रमाणपत्र | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | जन्म | नागरिकता |
| | .................... (घरमुली) | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

साक्षरताको स्तर : १. निरक्षर, २.साक्षर

साक्षरताको अवस्था १. विद्यालय जांदै २. विद्यालय जान छोडेको ३. विद्यालय जांदै नगएको

पेशाः १. कृषि २. शिक्षक ३. सरकारी जागीर ४. गैर-सरकारी जागीर ५. मजदुर ६. विद्यार्थी ७. अन्य........

सीपः १. कृषि २. पशुपालन ३. व्यापार ४. कला कौशल ५. डकर्मी सिकर्मी ६. अन्य ...........

**विशेष अवस्था** १. शारीरिक अपांग २. एच.आइ.भी. र एड्स संक्रमित ३. सुस्त मनस्थिती ४. एकल महिला ५. द्धन्द पिडिल ६.अन्य .........................

## २) सामाजिक अवस्था

### २.१. तपाई कुन कुन संघ संस्थामा आवद्ध हुनुहुन्छ ।

| क्र.सं. | संघ संस्था समूह संजाल | पद | महिला | पुरुष | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

### २.२ पारिवारिक निर्णयमा कस्तो भूमिका छ ।

| क्र.सं. | विवरण | महिला | पुरुष | दुवै |
|---|---|---|---|---|
| १ | सामाजिक क्रियाकलाप | | | |
| २ | आर्थिक क्रियाकलाप | | | |
| ३ | अन्य.................................... | | | |

## ३) भौतिक अवस्था

### ३.१ जग्गा/जमीनको स्वामित्व

| क्र.सं. | जग्गाको स्वामित्व | क्षेत्रफल (स्थानीय चलनचल्तीको आधारको एकाइ) | स्वामित्व | |
|---|---|---|---|---|
| | | | महिला | पुरुष |
| १ | आफ्नै | | | |
| २ | अधिया कमाएको | | | |
| ३ | बन्धकी लिएको | | | |
| ४ | ऐलानी जग्गा | | | |

**३.२ घर परिवारका अन्य आधारभूत पूर्वाधारहरु तथा भौतिक सम्पत्तिको विवरण र अवस्था**

| क.सं. | पुर्वाधार तथा भौतिक सम्पत्ति | भएको | नभएको | प्रकार (कच्ची वा पक्की) | अवस्था (राम्रो, ठीकै, जोखिमपूर्ण) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | घर | | | | | |
| २ | गोठ | | | | | |
| ३ | शौचालय | | | | | |
| ४ | खानेपानी | | | | | |
| ५ | बिजुली | | | | | |
| ६ | गोवरग्यांस | | | | | |
| ७ | साइकल | | | | | |
| ८ | अन्य .............. | | | | | |

## ४) प्राकृतिक श्रोतको अवस्था (जल, जमिन, जंगल, जडीबुटि आदी)

**४.१ जीविकोपार्जनका श्रोतहरु माथिको पहूंचको अवस्था**

| क.सं. | उपलब्ध जीविकोपार्जनका श्रोतहरु | पहूंचको अवस्था (छ/छैन) | उपभोग (राम्रो/नराम्रो) | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## ५) आर्थिक अवस्था

### ५.१ जीविकोपार्जनको अवस्था

| जीविकोपार्जनका श्रोतहरु | वार्षिक लगानी (रु.) | रोजगारी (जना) | | वार्षिक आम्दानी (रु.) | वार्षिक वचत वा नाफा (रु.) |
|---|---|---|---|---|---|
| | | पूर्ण | आंशिक | | |
| खेतीपाती | | | | | |
| पशुपालन | | | | | |
| ज्याला मजदुरी | | | | | |
| जागिर | | | | | |
| व्यापार व्यवसाय | | | | | |
| अन्य ............. | | | | | |

५.२. तपाईले उत्पादन गरेको बस्तु कहाँ विक्रि गर्नु हुन्छ ?

☐ गाँउमा ☐ स्थानीय वजारमा ☐ जिल्लामा

५.३ तपाईलाई आफ्नो खेतवारीबाट प्राप्त अन्नले कति महिना जति खान पुग्छ ?

................ महिना ।

बांकी महिनाको लागि खाद्यान्न कसरी जुटाउनुहुन्छ ?

☐ ज्याला मज्दुरी ☐ वैदेशिक रोजगार ☐ ऋण

### ५.४ ऋण सम्वन्धि विवरण

| क्र. सं. | ऋणको श्रोत | ऋण लिनुको उद्देश्य | ऋण रकम (रु.) | व्याज दर (%) | तिर्न बांकी ऋण (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सा.व.उ.समूह | | | | | |
| २ | सहकारी, बैंक वा वित्तिय संस्था | | | | | |
| ३ | अन्य संघ संस्था | | | | | |
| ४ | स्थानीय व्यक्ति | | | | | |
| ६ | आफन्त वा नातेदार | | | | | |
| ७ | अन्य | | | | | |

उद्देश्यः १. घरायसी खर्च २. स्वास्थ्य उपचार ३. शिक्षा
४. रोजगारी, व्यावसाय ५. ऋण तिर्न ६. अन्य .......

**५.५ जीविकोपार्जन सुधार कार्यक्रम**

५.५.१ जीविकोपार्जन सुधार कार्यक्रम अर्न्तगत सहयोग प्राप्त गर्नु भएको छ ?
......... छ / छैन । यदि छ भने:

| कार्यक्रमको विवरण | सहयोग दिने संघ/संस्था | सहयोगको किसिम | आफ्नो लगानी (श्रम, नगद, पशु, बिउ, वा अन्य) | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

## ६. अन्य कुनै विशेष अवलोकन भए उल्लेख गर्ने

.........................................................................

**जानकारी दिनेको नाम :**.................... **जानकारी लिनेको नाम :** .........................
**मिती :**............................................

# अनुसूची ३
## जीविकोपार्जन सुधार योजनाको नमुना
## चेतनसिल महिला समुह, चितवन जिल्ला माडी न.पा. ९
## कमला वि.क.को घर परिवारको जिवीकोपार्जन सुधार योजना

**१. हाम्रो जिविकोपार्जन सुधार योजनाको उद्देश्य:**

१. बार्षिक रुपमा कम्तिमा रु. ८० हजार आम्दानी गर्ने ।

२. छोरा छोरीलाई स्कूल पठाई शिक्षित बनाउने ।

३. सामुदायीक बनमा पहुँच बढाउने ।

४. परिवारका सदस्य विरामी हुँदा उपचार गर्न सक्ने हैसियत विकास गर्ने ।

**२. जिवीकोपार्जन सुधार योजना सम्पन्न गर्नको लागि लगानी:**

**क. लगानीका क्षेत्रहरु**

| क. स. | जिविकोपार्जनका ५ वटा पक्षहरु | लगानी | उपलब्धीहरु | उपलब्धीका असरहरु |
|---|---|---|---|---|
| १ | आार्थिक | ● विपन्न परिवारको समुह कोषमा कम्तिमा ५० प्रतिशत रकम छुट्टयाउन लगाउने ।<br>● छानिएको ब्यावसाय सञ्चालन गरी आम्दानिमा बृद्धी गर्ने ।<br>● मासिक रु. २०००।- बचत गर्ने । | ● परिवारको २ जना छोरीहरु स्कूल जाने छन्<br>● छोराहरुले पनि पढाई निरन्तर गर्ने छन् ।<br>● बिरामी परेकी कान्छी छोरीको दिगो उपचार हुने छ । | ● परिवार शिक्षित हुन्छ ।<br>● परिवार स्वस्थ हुन्छ ।<br>● आर्थिक परनिर्भरता घट्छ ।<br>● बचतमा बृद्धी हुन्छ ।<br>● आत्म सम्मानमा बृद्धी हुन्छ । |
| २ | भौतिक | ● बाखा पाल्ने खोर निर्माण गर्ने ।<br>● शौचालय निर्माण गर्ने ।<br>● घरको लगि र बाखाको लागि दान खुवाउन भाँडा खरीद गर्ने ।<br>● बारीमा घाँस लगाउने ।<br>● मोटर बाटो ल्याउन पहल गर्ने । | ● बाखा पालन गर्न सहज हुने र बाखालाई दाना खुवाउन सजिलो हुन्छ ।<br>● शौचालयको प्रयोग गर्ने बानीको विकास हुन्छ ।<br>● बारीमा नै घाँस उपलब्ध हुने ।<br>● मोटर बाटो भएमा बजार सम्म सहज पहुँच हुने । | ● बाख्राको उत्पादन बढ्छ र ब्याबसाय बढ्छ ।<br>● सरसफाई र स्वास्थ्य अवस्थामा सुधार हुन्छ र आर्थिक बचत हुन्छ ।<br>● बाहिर घाँस किन्न नपर्दा पैसा बचत हुन्छ ।<br>● उत्पादनले बजार पाउँछ । |

| | | | | |
|---|---|---|---|---|
| ३ | मानवीय | ● तालिमहरुमा सहभागि हुने ।<br>● बन उपभोक्ता समितिमा सदस्य बन्ने ।<br>● संघ संस्थामा आबद्ध हुने ।<br>● छोरा छोरीहरु स्कूल जाने<br>● स्कुल तथा स्वास्थ्य चौकीको गाउमा सेवा बृद्धि गर्न पहल गर्ने । | ● बाखा पालन तथा ब्याबसाय प्रबर्द्धन सीप विकास हुन्छ ।<br>● समुदायिक बनको उपभोग गर्न पाउने।<br>● संघ संस्थाहरुको निर्यायमा पहुँच हुने ।<br>● स्थानिय तहमा स्कूल तथा स्वास्थ्य चौकी स्थापना हुन सक्ने । | ● ब्यवसाय सञ्चालन सहज हुन्छ ।<br>● सामुदायिक बन तथा संघ संस्थाहरुमा पहुँच बृद्धी भै सेवा र उत्पादनमा समेत पहुँच बृद्धी हुन्छ ।<br>● परिवार शिक्षित हुन्छ । |
| ४ | प्राकृतिक | ● जग्गामा मल तथा विउ प्रयोग गर्ने । | | |
| ५ | सामाजिक | | | |
| | जोखीमता | | | |
| | सुरक्षा | | | |

**३. हाम्रो घर परिवारको जिवीकोपार्जन सुधार योजाना सफल पार्न हाम्रो र अन्य सहयोगीहरुको भूमिका:**

| सरोकारवालाको नाम | सहयोग/सहकार्यका लागि क्षमता | अपेक्षा गरिएको सहयोग |
|---|---|---|
| विपन्न घर परिवार | | ● बाखा खरिदमा सहयोग<br>● सा. वन वाट घाँस ल्याउने<br>● औषधोपचारमा परिचालन हुने ।<br>● विक्रिका लागी वजार पुर्याउने<br>● नगदको हिसाव राख्ने |
| महिला समन्वय समिती | | ● वाखा पालन सम्वन्धि तालिम<br>● ऋृण प्रवाह<br>● विक्रिमा सहयोग<br>● उत्प्रेरणा जगाउने |

| | | |
|---|---|---|
| नगरपालिका | | ● समुह दर्ता<br>● अनुदान सहयोग<br>● कानुनी सहायता<br>● अवलोकन भ्रमण गर्ने गराउने । |
| अन्य सरोकारवाला | | ● उत्प्रेरणा<br>● सहयोगी निकायसँग समन्वयय<br>● तालिमको व्यवस्थापन<br>● संजाल विस्तारमा सहयोग |

**४. जिवीकोपार्जन सुधार योजनाको अवधी १ वर्ष ( मिति २०७......गते देखी २०७........अषाढ मसान्त सम्म )**

**५. अनुगमन तथा मूल्याङ्कनः**

- कार्यक्रमको व्यावसायिक योजना अनुसार सहभागि सदस्यले आय आर्जनको प्रकृति हेरेर नियमित रुपमा अभिलेख राख्ने ।
- स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ बमोजिम नगरपालिका स्तरको अनुगमन तथा सुपरिवेक्षण समितिले वडाको समेत समन्वयमा निरन्तर रुपमा जीविकोपार्जन सुधार योजनाको रकम प्रवाह र उपयोग सम्बन्धी कार्यको अनुगमन गरी आवश्यक सल्लाह दिनसक्ने छ ।
- नगरपालिका स्तरीय अनुगमन समिति, वडा अध्यक्ष समेतको सयूंक्त टोलीबाट आवश्यकता अनुसार प्रभाव अनुगमन गरि अभिलेखकिरण गर्ने ।
- राम्रा सिकाईहरुलाई प्रचार प्रसार गर्ने ।

# अनुसुची ४

## माडी नगरपालिका स्वरोजगार घुम्ती कोष संचालन कार्यक्रम

माडी नगरपालिका र ....................समुह बीच भएको

## सम्झौता - पत्र

**१. पृष्ठभूमिः**

बाट विपन्न परिवारहरुको जीविकोपार्जनको सुधारका लागि माडी नगरपालिकाले यस आर्थिक वर्ष ..................को लक्षित समुदायको शिर्षकको वजेटवाट समुह र समुदायका विपन्न परिवारहरुको जीविकोपार्जन सुधारका लागि विभिन्न आयमूलक क्रियाकलापहरुमा सहयोग गर्ने कार्यक्रम रहेका छ। यसका लागि यसै सम्झौताको आधारमा समुह र छानिएका विपन्न परिवार दुवैको जीविकोपार्जन सुधार योजना निर्माण गरी कार्यान्वयनका लागि लगानी अनुदान मार्फत यो कार्यक्रम संचालन गरिनेछ। यो कार्यकम ............... समुह आफैले माडी न.पा.को सहयोग र समन( वयमा आवश्यकता अनुसार विशषज्ञ समेतको सहयोग लिई यो कार्यक्रम संचालन गर्ने छ।

४. कार्यान्वयन प्रकृया:

यो सम्झौता पत्रमा उल्लेख गरिएको कार्यक्रम संचालन गर्ने प्रमुख जिम्मेवारी सम्बन्धित छानिएका विपन्न घर परिवार र समुहको भएता पनि यसकालागि आवश्यक सहयोग र अनुगमनको लागि नपा र संवन्धित वडा कार्यलय संग समुहको व्यवस्थापन समितिले समन्वय गर्नु पर्ने छ।

यस कार्यक्रमले जीविकोपार्जनको सवालमा ठोस नतिजाको अपेक्षा राखेको छ। कार्यक्रम संचालन प्रकृयालाई प्रभावकारी वनाउन माडी नगरपालिका र संवन्धित समुह संग द्विपक्षीय संझौता गर्ने छ।

केन्द्रले छनौट भएका घर परिवारसंग पनि छुट्टै संझौता गरिनेछ। उक्त संझौताका प्रावधानहरुको अधिनमा छनौट भएका घरपरिवारको जीविकोपार्जन योजना कार्यान्वयन गरिने छ। यसरी संस्थागत तहमा भएका संझौताको आधारमा माडी नगरपालिका अनुदान रकम सोझै..................समुहको कृषि विकास वैंकको उपशाखा बघौडामा रहेको वचत/चल्ती खाता नं.............मा निकासा गर्नेछ।

६. बजेटः

यस सम्झौताको रकम एकमूष्ट अनुदान रकम .................... (अक्षेरुपी ......................... मात्र) नपाले समुहलाई उपलब्ध गराउने छ । यस सम्झौता बमोजिम सहयोग रकम परिचालन समुहको निर्णय बमोजिम हुने छ ।

७. अनुगमन तथा मुल्याङ्कन

छानिएका घर परिवारहरुको जीविकोपार्जन सुधार योजना कार्यान्वयनको अनुगमन निरन्तर रुपमा सम्बन्धित वडा कार्यलय र समुहले गर्नेछ । यसकालागि नपा स्तरमा भएको अनुगमन तथा सुपरिवेक्षण समितिले यसको अनुगमन तथा मूल्यांकन गर्ने छ । अनुगमन गर्दा जीविकोपार्जन सुधार योजनालाई मूख्य आधार मानिनेछ । यसको साथै छानिएका विपन्न परिवारमा आएको सकारात्मक परिवर्तन, परिवारका सदस्यहरुमा परेको असर तथा प्रभावलाई समेत अनुगमन र मूल्याङ्कन प्रकृयामा हेरिने छ । यस कार्यक्रमको प्रभावकारीता जाँच गर्न आवधिक रुपमा सवै संलग्न साझेदारहरुको सहभागितामा समीक्षा तथा पुनरावलोकन

**....................... समुहको तर्फबाट**

..........................................

नामः

पदः संयोजक, समुह व्यवस्थापन समिति

मितिः

**नगरपालिकाको तर्फबाटः**

.....................................

नाम :

पद :......................

**साक्षि**

..................................................

नामः

पदः ........................

मितिः

गरिने छ ।

## अनुसुची ५
## व्यक्तिगत खाताको नमुना

व्यक्तिगत खाता फोन नं.:

बचतकर्ता सदस्यको नाम : ठेगाना :

| मिती | बचत | ब्याज | आय | | | | व्यय | | | | कुल तिरेको ब्याज | ऋण तिर्ने मिती | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | हाल सम्मको जम्मा | | | | | | | | | | |
| | | | बचत | ब्याज | आंसिक बचत फिर्ता | कुल जम्मा | ऋण लिएको | किस्ता | ब्याज | बाँकी ऋण | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

अनुसुची.६

## सामुहिक खाताको नमुना

विवरण: :

| | | आय | | | | | | व्यय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | सदस्यको नामावली | बचत | किस्ता | व्याज | अन्य दस्तुर | विविध | जम्मा | आंसिक बचत फिर्ता | पुरानो बाकी ऋण | यस महिनाको लगानी | जम्मा बाँकी ऋण | कैफियत |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

मिती :

आज्ञाले,
हरिदत्त कंडेल
प्रमुख प्रशासकीय अधिकृत